बैठक संख्या:-५५

आज मिति २०८१ साल भाद्र ०२ गते आइतबारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. का.बा.वडा अध्यक्ष | श्री ओमनाथ गौतम | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाईं | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री राधाकृष्ण खतिवडा | |

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २ -** बिर्तामोड नगरपालिका, करुणा फाउण्डेशन नेपाल र सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघको प्राविधिक सहयोगमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कार्यान्वयन गर्न समुदायमा आधारित पुनःस्थापना सहजकर्ता नियुक्तिका लागि समुदायमा आधारित पुनःस्थापना सहजकर्ता परिक्षा सञ्चालन तथा उम्मेद्धवार छनौट र सिफारिस समितिको मिति २०८१।०४।२७ गतेको सिफारिस अनुसार खुला तर्फ सफल हुने उम्मेद्धवारहरुलाई मिति २०८१।०५।०२ गतेबाट लागु हुने गरी नियुक्ति दिने निर्णय गरियो।

**निर्णय नं ३ -** समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदपूर्तिका लागि मिति २०८१।०४।०१ गते गरिएको बिज्ञापन अनुसार खुला तर्फ २ जना र अपाङ्गता आरक्षण सिट तर्फ १ जना रहने गरी बिज्ञापन गरिएकोमा अपाङ्गता आरक्षण कोटा तर्फ आवेदन पेश गरी परीक्षामा सामेल हुने परीक्षार्थीहरु मध्ये कोही उम्मेद्वार पनि सफल नभएकाले समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनौट सम्बन्धी मार्गदर्शन २०८० को दफा ६ को उपदफा २ मा आरक्षित सिटमा प्रतिस्पर्धा गर्न योग्यता भएका अपाङ्ता भएका व्यक्ति मध्येबाट कुनैपनि आवेदन नआएमा वा आरक्षित सिटमा 'कुनैपनी आपाङ्गता भएका व्यक्ति उतीर्ण नभएमा उक्त सिटमा समेत खुला तर्फका बैकल्पिक उम्मेद्वारको सिफारिस गर्नुपर्ने छ भन्ने व्यवस्था भएकाले सोही बमोजिम अपाङ्गता आरक्षण सिट तर्फ खुलाका बैकल्पिक उम्मेद्वार श्री सन्तोष तिम्सिनालाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं ४ -** बिर्तामोड नगरपालिकामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता सहायता कक्षको स्थापना गरी कार्यक्रम सञ्चालन गर्न कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा जारी स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम करार सेवामा एक जना अपाङ्गता सहायता सहजकर्ता (DSF) पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं ५ -** बिर्तामोड नगरपालिकाका नगर प्रमुखज्यूले प्रयोग गर्दै आउनु भएको सवारी जीर्ण भई मर्मत गर्दा समेत सञ्चालनमा समस्या भईरहेकाले १ वटा चार पाङ्ग्रे हलुका सवारी साधन खरिदको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

CamScanner

**निर्णय नं ६ -** बिर्तामोड नगरपालिका क्षेत्रभित्र पर्ने बिभिन्न सडकहरुमा बर्षातको समयमा सडक खाल्डाखुल्डी भई आवतजावतमा नै समस्या भईरहेको हुदाँ सडकको स्तरोन्नतिका लागि अधिकतम २० लाख मूल्य बरारबरको नदीजन्य सामाग्री (ग्राभेल) ठेक्का मार्फत् खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं ७ -** बिर्तामोड नगरक्षेत्र भित्र निर्माण भइसकेका सरकारी, गैर सरकारी, संस्थागत तथा निजी भवनहरुको हकमा भवन दर्ता तथा अभिलेखीकरण गर्न र नक्शापासको प्रक्रियामा रहेता पनि म्याद सकिएर सम्पन्न प्रमाणपत्र नलिएको भवनहरुको हकमा एक वर्षको म्याद दिई एक पटकलाई शत प्रतिशत राजश्व लिई प्रमाण पत्र लिन तथा नगर विकास समितिबाट राजश्व तिरी नक्शापासको प्रक्रियामा रहेका र सम्पन्न प्रमाणपत्र लिन बाकी रहेका भवनहरुको हकमा प्रमाण पत्र लिनको लागि अन्तिम पटक मिति २०८१ माघ मसान्त सम्मको समय दिई सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं ८ (बिविध)**

क. झापा जिल्ला दररेट निर्धारण समितिले आ.ब. ०८१/०८२ का लागि स्वीकृत गरेको झापा जिल्लाको भौतिक पूर्वाधार निर्माण सामाग्रीको दररेट, बिभिन्न कामदारहरुको ज्याला, मेसिनको भाडा तथा ढुवानी दर लगायतका दररेटहरु लाई नै कायम गरी बिर्तामोड नगरपालिकाको आ.ब. ०८१/०८२ को दररेट निर्धारण गर्ने निर्णय गरियो।

ख. बिर्तामोड नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको मासिक रुपमा सञ्चयकोष रकम जम्मा गरिदै आएकोमा महालेखा परीक्षकको कार्यालयबाट भएको लेखा परीक्षण प्रतिवेदनमा कार्यालयबाट भएको कोषकट्टी रकम असुल उपर गर्नुपर्ने बेरुजुको रुपमा लेखि आएकाले अब उप्रान्त करार सेवाका कर्मचारीहरुको सञ्चयकोषमा रकम जम्मा नगरिने र निजहरुको हालसम्म कट्टी गरेको सञ्चय कोष रकम फिर्ता माग गर्न सञ्चय कोषको कार्यालयलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

ग. बिर्तामोड नगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैलाको स्थायी व्यवस्थापन गर्न उपर्युक्त जगाको खोजी गर्न तपशिल बमोजिमको ५ सदस्यीय कार्यदल गठन गरी अघि बढाउने निर्णय गरियो।

**तपशिल**

संयोजक- ६ नं वडा अध्यक्ष श्री सुर्य प्रसाद कन्दङ्वा

सदस्य-१ नं वडा अध्यक्ष श्री अग्नि प्रसाद पाण्डे

सदस्य-५ नं वडा अध्यक्ष श्री रोहित प्रसाई

CamScanner

सदस्य-७ नं वडा अध्यक्ष श्री कृष्ण प्रसाद खरेल
सदस्य-का.पा. सदस्य श्री सिता बि.क. ढुङ्गाना

घ. बिर्तामोड नगरपालिका वडा नं ५ बसोबास गर्ने श्री विवेक केशरी प्रसाईज्यूले बिर्तामोड नगरपालिका वडा नं ५ (साबिक अनारमनि गाविस वडा नं ३) स्थित मंगल एकता टोलमा निजको नाममा दर्ता श्रेस्ता कायम रहेको कि.नं २०२ को क्षेत्रफल मध्ये पूर्व उत्तर तर्फबाट बाटोले छुने गरी १ कठ्ठा जग्गा बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालयको भवन निर्माणार्थ जग्गा दान गर्न इच्छुक भई मिति २०७९।०२।११ मा वडा कार्यालयमा निवेदन पेश गर्नु भएको र ५ नं वडा समितिको मिति २०७९।०२।११ को निर्णयानुसार उक्त वडा कार्यालयको च.नं ३८६५ मिति २०७९।०२।१२ को पत्रबाट सो जग्गा नगरपालिकाको नाममा प्राप्ती गर्ने व्यवस्थाको लागि आवश्यक प्रक्रिया अघि बढाई दिन अनुरोध समेत भई आएको हुदाँ निज श्री विवेक केशरी प्रसाईज्यूले उपलब्ध गराउनु भएको जग्गा भन्दा बढी क्षेत्रफलको जग्गा ५ नं वडा क्षेत्रमा वडा कार्यालयका लागि निःशुल्क उपलब्ध गराउन इच्छुक जग्गादाता भए सो बमोजिमको निवेदन पेश गर्नका लागि ३५ दिने सूचना आवहान् गर्ने निर्णय गरियो । साथै तोकिएको मिति भित्र निवेदन पेश हुन नआएमा निज जग्गादाता श्री विवेक केशरी प्रसाईले उपलब्ध गराउनु भएकै जग्गा प्राप्तीको प्रक्रिया अघि बढाउने समेत निर्णय गरियो ।

ङ. बिर्तामोड नगरपालिका वडा नं ६ बस्ने राजेन्द्र कुमार राईको खुट्टामा जटिल समस्या भई उपचाररत रहेकोमा निजको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकाले रु.३०,०००।- तीस हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।